जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ११४ २०८१ साल मंसिर १५ गते शनिबार (30 Nov. 2024 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एनपिएल क्रिकेट : कोशेढुङ्गा. ३ पृष्ठमा : राष्ट्रिय गौरवतर्फका सडक.. ३ पृष्ठमा : सिरियाली जिहादी समूहद्वारा ...

# मधेस प्रदेशका गृहमन्त्री लेखीलाई भूमिगत समूह जनतान्त्रिकको धम्की




**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीलाई भूमिगत समूह जनतान्त्रिक तराई मुक्ति मोर्चाका संयोजक जयकृष्ण गोइतले धम्की दिएका छन् ।

भारतीय नम्बरवाट ह्वाटस ऐपमा फोन गरी आर्थिक सहयोग माग गरेको र आफुले दिन अस्विकार गरेपछि आफुलाई धम्की दिएको गृह, सञ्चार तथा कानून मन्त्रालय मधेश प्रदेशको सभाहलमा शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री लेखीले जानकारी दिएका हुन् ।

आफुलाई गोइतले पटक-पटक फोन गरेर आर्थिक सहयोग मागेको र आफु दिन अस्विकार गरेपछि तेस्रो पटक फोन गर्दा धम्कीपूर्ण भाषामा "तपाईले पैसा कसरी दिने हो त्यो मलाइ थाहा छ" भनेर गोइतले धम्की दिएको मन्त्री लेखीले बताए ।

यस सम्बन्धमा प्रदेशको सुरक्षा वैठकमै प्रहरी अधिकारीहरुलाई जानकारी समेत गराइसकेको उनले जानकारी दिए ।

आफुले चार जिल्ला रौतहट, धनुषा, सिरहा र सप्तरीका केही प्रहरी चौकी र इलाका प्रहरी कार्यालयको अवलोकन निरिक्षण गर्दा प्रहरी इन्चार्जहरु नै प्रहरी अनुसाशनको पालना नगरेको पाइएको भन्दै उनले नागरिकप्रति जिम्मेवार भएर कामकाज गर्नका लागि सुरक्षा वैठकमा प्रहरी अधिकारीहरुलाई आग्रह गरेको जनाए ।

आफु पारदर्शी रुपमा कार्यक्रमहरु गर्न खोज्दा एउटा मिडियाले भत्ताकै लागि कार्यक्रम गरेको भनेर भ्रम फैलाउने किसिमले समाचार समप्रेसन गरेको भन्दै भत्तको निमित्त नभएर सचेतनाको लागि मन्त्रालयले कार्यक्रम गरेको स्पष्ट पार्दै सरकारको कमी कमजोरीको वारेमा औंल्याउनु राम्रो कुरा भएपनि पित पत्रकारिता गर्नु राम्रो कुरा नभएको उनको भनाई छ ।

सबैले अचार सहिंताको पालना गर्नु पर्नेमा जोड दिदै उनले मन्त्रालयले आफु आएको चार महिनामा चार वटा कार्यक्रम मात्रै गरेको पत्रकारहरुलाई जानकारी गराए ।

सोही पत्रकार सम्मेलनमा उनले जनकपुरधाममा मनाइने साताव्यापी सिता राम विवाह पञ्चमी महोत्सव र बाराको गढीमाइ मेलामा बाहिरबाट आउने तिर्थयात्री र श्रद्धालुहरुको सहजताको लागि सरोकारवाला विभिन्न पक्षसँग समन्वय भइरहेको र बाराको बरियारपुरमा मंसिर १५ गते शनिबार ११ वजे सुरक्षा वैठककै आयोजना गरिएको बताए ।

विवाह पञ्चमी महोत्सवमा १४ सय भन्दा बढी सुरक्षाकर्मी जनकपुरधाममा परिचालन गर्ने स्थानीय प्रशासनले जानकारी गराएको उनले बताए ।

## दैनिक सात सय भन्दा बढी समाचार प्रसारण गरिरहेको छ : रासस अध्यक्ष झा

**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झाले राससले दैनिक सात सय भन्दा बढी समाचार प्रसारण गरिरहेको र सेवाग्राही सञ्चार माध्यमलाई थप सुविधा दिई रहेको बताएका छन ।

राजविराजस्थित रासस भवनमा स्थानीय पत्रकारसँगको अन्तरक्रियामा रासस अध्यक्ष झाले उक्त कुरा बताएका हुन ।

रासससमा अंग्रेजी र नेपाली दुईवटा भाषामा मात्र समाचार संकलन र प्रसारण भई रहेकोमा आफु अध्यक्ष भए पछि संविधानको मूल मर्म अनुरुप रासससमा मैथिली, भोजपुरी, अवधि र नेपाल भाषालाई पनि प्रवेश गराईएको उल्लेख गर्दै अध्यक्ष झाले अंग्रेजी र नेपाली बाहेकका अन्य भाषामा पनि दैनिक २०-२५ भन्दा बढी समाचार संप्रेषण भईरहेको बताएका छन ।

अधयक्ष झाले राससका

*बाँकी अन्तिम पृष्ठमा*

## उपचारको अभावमा थला परेका रमेशलाई राबि नपाद्वारा आर्थिक सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

नशा च्यापिएर उपचार गर्न असमर्थ रहेका विगत एक महिनादेखी घर मै राखिएका एक मजदुरको उपचारका लागी राजविराज नगरपालिकाले आर्थिक सहयोग गरेको छ ।

राजविराज ६ निवासी मजदुर पेशामा रहेका रमेश सदाको उपचारका लागी नगरपालिकाले ५० हजार आर्थिक सहयोग गरेको हो ।

शुक्रबार नगरपालिका कार्यवाहक प्रमुख इसरत परविन सदाको घरमै पुगि उनकी पत्नि रम्भालाई ५० हजारको चेक हस्तान्तरण गरेकी छिन् ।

यसअघि बुधबार वडा नं. ६ का अध्यक्ष शशी चौधरीले पनि श्रीमानको उपचार गराउन रम्भालाई १० हजार रुपैया सहयोग गरेका थिए ।

यसका अतिरिक्त राजविराज नगरपालिका कार्यालयबाट सदाको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारमा छुटका लागी विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत पाउनु पर्ने उपचार सुविधाको सिफारिश पत्र समेत उपलब्ध गराएका छन ।

पेशाले मजदुर २७ वर्षिय सदा एक महिना अघि घर ढलान गर्ने

*बाँकी अन्तिम पृष्ठमा*

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

**खुशीको खबर ! खुशीको खबर ॥**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

**वायु प्रदुषणबाट जोगिऔं**

वायु प्रदुषणले:
- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।

त्यसैले:
- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

वायु प्रदुषणको असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# पोखरी जिर्णोद्वार गरेर आर्थिक कोष बढाउनेतर्फ ध्यान पुगोस्

सप्तरी जिल्लामा रहेका विभिन्न पोखरी र इनारहरुको सम्वर्द्धन र संरक्षण आवश्यक रहेको छ। एउटा स्थानिय तहमा दर्जन भन्दा बढी पोखरी र केही मात्रामा इनारहरु रहेका छन्। जसमध्ये सरकारी स्वामित्वका पोखरीहरु बढी मात्रामा छन् भने इनारहरु सार्वजनिक तथा निजि छन्। त्यसमध्ये अधिकांश जिर्ण अवस्थामा छन्। मर्मत सम्भारको अभावमा जिर्ण बन्दै गएका त्यस्ता पोखरी र इनारलाई पुर्ननिर्माणको आवश्यकता रहेको छ।

कतिपय स्थानिय पालिकाले आफ्नो स्वामित्वमा रहेका पोखरीहरुलाई आम्दानीको श्रोत बनाउन सकिरहेका छैनन्। मात्र पोखरीको नाममा बजेट बिनियोजन गर्ने र जसोतसो काम गरेर बजेट कुम्ल्याउने दाउमा हुन्छन्। त्यस्तै सार्वजनिक इनारहरुको जिर्णोद्वारका लागि कसैले ध्यान दिन नसक्दा पुरिएका छन्। विगतमा ट्युवेलको व्यवस्था नहुँदा इनारकै पानी खानमा प्रयोग हुने गर्दथ्यो। यसरी पोखरी र इनारलाई जिर्णोद्वारा तर्फ ध्यान दिन नसक्दा पानीको मुहान सुक्दै गएको छ। गर्मीको बेला पिउने पानीको हाहाकार हुने गर्दछ। कतिपय स्थानमा ट्युवेलबाट पानी आउदैन।

सरकारी पोखरीलाई ठेक्का लगाएर स्थानीय तहको आम्दानीको श्रोत बढाउनेतर्फ ध्यान पुग्नु आवश्यक छ। तसर्थ ऐतिहासिक यस्ता सम्पदालाई जोगाई राख्नमा स्थानियहरुले चासो देखाउनुका साथै त्यसको सदुपयोग गरेर पालिकाहरुले आर्थिक कोषलाई बढाउनेतर्फ गम्भिर हुनु जरुरी छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# एनपिएल क्रिकेट : कोशेढुङ्गा बन्ने अपेक्षा

**राजु सिलवाल**

काठमाडौं, १४ मङ्सिर (रासस)।

नेपाल अहिले क्रिकेटमय बनेको छ। विश्व मानचित्रमा क्रिकेट खेलतर्फ आफ्नो पहिचान बनाइसकेको नेपालले विश्वकै क्रिकेटप्रेमी दर्शकहरुको ध्यान आकर्षित गरिरहेको छ। नेपाली तथा विभिन्न मुलुकका ख्याति प्राप्त क्रिकेट खेलाडीहरु बहुप्रतिक्षित नेपाल प्रिमियर लिग एनपिएलको पहिलो संस्करणमा प्रतिस्पर्धा गर्न काठमाडौंमा भेला भएका छन्। यही मङ्सिर १५ गते शनिबारदेखि आगामी पुस ६ गतेसम्म काठमाडौँको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा यो प्रतियोगिता सञ्चालन हुँदैछ। नेपाल क्रिकेट सङ्घले आयोजना गर्न लागेको घरेलु प्रतियोगितामध्ये एनपिएल सबैभन्दा ठूलो प्रतियोगिता मानिएको छ। नेपालमा व्यावसायिक क्रिकेटको विकास गर्ने लक्ष्यका साथ टि ट्वान्टी फरम्याटमा खेलाइने एनपिएलको नतिजा आफ्नो पक्षमा ल्याउन विभिन्न टिमबीच रोमान्चकारी प्रतिस्पर्धा हुनेछ।

**निजी क्षेत्रको सक्रियता**

एनपिएल क्रिकेट प्रतियोगितामा मुलुकका व्यापारिक क्षेत्रको सक्रिय सहभागिता रहेको छ। विराटनगर किंग्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स जस्ता आठ वटा टिममा व्यापारिक समूह जोडिएका छन्। विभिन्न टिम किन्नका लागि उद्योगपति तथा व्यापारीहरुले करोडौं रुपैंयाँ लगानी गरेका छन्। अन्य निजी सङ्घसंस्था तथा कम्पनीहरु पनि क्रिकेट टिमहरुसँग आबद्ध भएका छन्। क्रिकेटमा लगानी गर्दैमा तत्काल नाफा हुन सक्ने क्षेत्र होइन। स्वदेशी तथा विदेशी खेलाडीहरुको महङ्गो पारिश्रमिक, सिमित प्रायोजन, क्रिकेट मैदानको भौतिक अवस्था तथा दर्शक क्षमता, टिकट दर आदि कारणले नेपालमा क्रिकेटमा लगानी गरेर तत्काल प्रतिफल उठन सक्ने अवस्था छैन। तापनि निरन्तर यथोचित लगानी गर्न सकेमा केही वर्षमा सन्तोषजनक अवस्था आउन सक्नेछ।

नेपालका निजी क्षेत्रको सक्रिय सहभागिता रहेको फेन्चाइज लिगको अभ्यास नेपालमा कुनै नौलो होइन। यसअघि एभरेष्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग र पोखरा प्रिमियर लिगजस्ता तीनवटा फ्रेन्चाइज लिग आयोजना भैसकेका छन्। तर यसपालि विभिन्न टिममा लगानी गर्न धेरै व्यापारिक घराना तथा अन्य निजी क्षेत्रले देखाएको उत्साह उल्लेखनीय रहेको छ। विभिन्न १६ वटा फ्रेन्चाइजहरुले लगानी गर्न इच्छा देखाएकामा आठ वटा समूहले टिमहरुमा लगानी गर्ने अवसर पाएका छन्। टिममा लगानी गर्न इच्छुकहरुको बढदो सङ्ख्याका कारण आगामी वर्षहरुमा प्रतियोगितालाई निरन्तरता दिइदै जाने सम्भावना बढेको छ। यसैगरी निजी क्षेत्रका तर्फबाट घोषणा गरिएको खेलाडीको पारिश्रमिक तथा विजेताले पाउने पुरस्कारले पनि खेलाडीहरुलाई प्रोत्साहित गर्न सक्ने देखिएको छ। व्यापारिक घराना शारदा समूहले प्रतियोगितामा प्लेयर अफ दि सिरिज घोषणा हुने नेपाली खेलाडीलाई कार पुरस्कार प्रदान गर्ने भएको छ।

**खेलेरै २० लाख**

नेपाली क्रिकेट क्षेत्रलाई व्यावसायिकताका तर्फ उन्मुख गराउन एनपिएल क्रिकेटले प्रयत्न गरेको छ। खेलाडीहरुलाई एउटा प्रतियोगिता खेलेको लाखौं रुपैयाँ पारिश्रमिक प्रदान गरिने व्यवस्था गर्नु सानो प्रयत्न होइन। मुलुकका सबै प्रदेशको प्रतिनिधित्व गरेका आठवटा टिममा नेपालका महत्वपूर्ण राष्ट्रिय खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा समावेस गरी प्रत्येकलाई २० लाख रुपैयाँ पारिश्रमिक दिइने भएको छ। गोला प्रथाद्वारा छानिएका ती खेलाडीहरुमा विराटनगरमा सन्दीप लामिछाने, जनकपुरमा आसिफ शेख, चितवनमा कुशल मल्ल, काठमाडौंमा करण केसी, पोखरामा कुशल भुर्तेल, लुम्बिनीमा रोहित पौडेल, कर्णालीमा सोमपाल कामी र सुदूरपश्चिममा दीपेन्द्रसिंह ऐरी छन्। उनीहरुले एकै प्रतियोगिता खेलेर घोषित पारिश्रमिक पाउने छन्। यसैगरी राष्ट्रिय टिमका अन्य खेलाडीहरुलाई पनि अक्सनमार्फत विभिन्न टिममा छनोट गरिएको छ। यसरी अक्सन गरिदा एउटा टिमलाई १० खेलाडी खरिद गर्ने अवसर दिइएको थियो। समूह ए मा परेका खेलाडीलाई १० देखि १५ लाख, समूह बी मा परेकालाई पाँचदेखि १० लाख तथा समूह सी मा छानिएकालाई दुई लाखदेखि पाँच लाख रुपैयाँ दिइने भएको छ। नेपालको सन्दर्भमा यस्तो पारिश्रमिक आकर्षक मानिएको छ। क्रिकेट खेलाडीहरुले आफ्नै गृह मैदानमा खेलेर लाखौं रुपैयाँ पारिश्रमिक पाउनु राम्रो कमाइ हो।

**नयाँलाई अवसर**

एनपिएल क्रिकेटकै सिलसिलामा खुला प्रतिस्पर्धाका आधारमा पनि खेलाडीहरु छानिएका छन्। यसबाट ती खेलाडीहरुलाई आगामी दिनमा राष्ट्रिय टिमका साथै अन्य टिममा प्रवेश गर्ने ढोका खुल्न सक्ने सम्भावना देखिएको छ। त्यस्ता युवा खेलाडीले टिममा समावेश हुने मौका पाउनु उनीहरुको खेल जीवनकै महत्वपूर्ण उपलब्धि हो। नेपालकै राष्ट्रिय खेलाडीहरुका साथै विभिन्न मुलुकका क्रिकेट स्टारहरुसँग खेल्नाले उनीहरुले उल्लेखनीय शिक्षा प्राप्त गर्न सक्छन्। हाल विभिन्न खेलका खेलाडीहरु विदेश पलायन भैरहेको अवस्थामा युवा खेलाडीहरुले आफ्नै गृह मैदानमा एनपिएल खेल्न पाउने अवसर उनीहरुको भविश्यसँग पनि गाँसिएको छ। एनपिएल खेल प्रतियोगिता मात्र नभई देशमै खेलकुद संस्कार बसाउने प्रतियोगिताका रुपमा लिइएको धारणा नेपाल क्रिकेट सङ्घका सचिव पारस खडकाले स्पष्ट पारेका छन्।

**विश्व चर्चित खेलाडीको सहभागिता**

एनपिएल क्रिकेट नेपाली खेलाडीहरुका लागि अन्तर्राष्ट्रिय खेलाडीहरुसँग कौशल सिक्ने महत्वपूर्ण अवसर पनि हो। विभिन्न मुलुकका क्रिकेट स्टारहरुले नेपाली टिमबाट खेल्दैछन्। भारतका बहुचर्चित क्रिकेटर शिखर धवन, इङ्गल्याण्डका टम मुर्स, क्यानडाका साद विन जाफर, न्युजिल्याण्डका स्कट कुगेलेइन,वेष्ट इण्डिजका रेमन रेइफर जस्ता विश्व चर्चित खेलाडीहरुले नेपाली खेलाडीहरु साथ सहकार्य गर्दैछन्। एउटा टिमले छ जनासम्म विदेशी खेलाडी अनुबन्ध गर्न पाउने आयोजकको नियम रहेको छ। तर उनीहरुलाई टिमका तर्फबाट दिनु पर्ने पारिश्रमिक खुलाइएको छैन। अझ उल्लेखनीय पक्ष त विभिन्न अन्तर्राष्ट्रिय प्रशिक्षकले नेपालको प्रदेशको टिमको प्रशिक्षक तथा मेण्टरको रुपमा टिमलाई उपाधि दिलाउन सक्रिय भूमिका निभाउँदै छन्।

**पहिलो पटक डिजिटल बोर्ड**

एनपिएलका लागि कीर्तिपुरस्थित क्रिकेट मैदानमा आवश्यक मर्मतसम्भार गरिएको छ। त्यहाँ पहिलो पटक डिजिटल बोर्डको जडान गरिएको छ। यस्तै खेल मैदानको पिचको स्तरमा सुधार गर्नुका साथै मैदानको बाउन्ड्री बढाइएको छ। क्रिकेट हेर्न जाने दर्शकहरुका लागि प्याराफिटमा चारवटा क्षेत्र बनाइएका छन्। कीर्तिपुर रङ्गशालामा एनपिएल हेर्न हजारौं दर्शकहरु उपस्थित हुने निश्चित छ। नेपालमा क्रिकेट प्रेमीहरुको संख्या उल्लेखनिय रहेको छ। अमेरिकामा विश्वकप क्रिकेटको बेला समेत नेपाली दर्शकहरु धेरै संख्यामा उपस्थित थिए। कीर्तिपुरमा बिगतमा क्रिकेट हुँदा रुखमा झुण्डिएर समेत खेल हेर्ने गरेका क्रिकेटप्रेमी दर्शकहरुका लागि यसपाली खेल हेर्न यसपाली बस्ने सुविधासहितको प्याराफिट निर्माण गरिएको छ। तर त्यहाँ फ्लड लाइट जडान गर्ने कार्य भने सकिएको छैन। यदि फ्लड लाइट जडान भएको भए राति पनि खेल संचालनका लागि सहज हुने थियो।

**विश्वव्यापी पहुँच**

एनपिएल क्रिकेटको पहुँच विश्वव्यापी रुपमा हुँदैछ। टेलिभिजनको प्रत्यक्ष प्रसारणका साथै अन्तर्राष्ट्रिय खेलाडीहरुको सहभागिताका कारण विश्वकै क्रिकेटप्रेमीहरुको ध्यान नेपालतर्फ आकर्षित हुने भएको हो। अन्तर्राष्ट्रिय खेलकुद टेलिभिजन च्यानल स्टार स्पोर्टसमार्फत विश्वका विभिन्न मुलुकका क्रिकेटप्रेमीहरुले एनपिएलको प्रत्यक्ष प्रसारण हेर्ने अवसर पाउने भएका छन्। विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय क्रिकेट म्याचमा प्रत्यक्ष प्रसारण गरिसकेका कमेण्टेटरहरुको सहभागिता रहेको यसप्रकारको अन्तराष्ट्रिय प्रसारणबाट विश्वमा नेपालको प्रचारप्रसार हुन गई आगामी दिनमा पर्यटकहरुको वृद्धि हुन जाने अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रिय ख्यातीप्राप्त क्रिकेट खेलाडीहरुको नेपाल आगमनका साथै अन्य गतिविधिको निरन्तर समाचार प्रचारप्रसारले पनि पनि विश्वको ध्यान आकर्षित गरेको छ।

**म्याच फिक्सिङतर्फ सतर्कता**

एनपिएलमा म्याच फिक्सिङ रोक्न विशेष सतर्कता अपनाइएको छ। प्रतियोगितामा सहभागी आठवटै टिममा सुरक्षा अधिकारी पनि समावेस गरिएको छ। नेपाल क्रिकेट सङ्घले प्रतियोगिताका गतिविधिहरु पारदर्शी रुपमा सञ्चालन गर्न विशेष तयारी गरिएको जनाएको छ। राष्ट्रिय खेलकुद परिषदअन्तर्गत एक सयभन्दा बढी खेल सङ्घ भएको तथा कयौं सङ्घ गतिविधिहीन अवस्थामा रहेको तथा खेल गतिविधि सञ्चालनका लागि सरकारी साधन श्रोतमै निर्भर भैरहेको बेलामा नेपाल क्रिकेट सङ्घले निजी क्षेत्रलाई व्यापक रुपमा जुटाएर एनपिएल क्रिकेट आयोजना गर्नु प्रशंसनीय कार्य मान्न सकिन्छ।

अन्य खेल सङ्घले पनि निजी क्षेत्रलाई जुटाएर प्रतियोगिता गर्न प्रयास गर्नु पर्दछ। तर एनपिएल क्रिकेटजस्ता प्रतियोगिता पारदर्शी रुपमा सञ्चालन गर्नु अति आवश्यक मानिएको छ। कुनै मिलोमतोमा म्याचको नतिजा नआओस्। आगामी दिनमा एनपिएललाई निरन्तरता दिन सकिने वातावरण संरचना सिर्जना गरी घरेलु क्रिकेटलाई मजबुत बनाउँदै लैजान सक्नुपर्छ। यसका लागि क्रिकेट एकेडेमीको स्थापनातर्फ जोड दिइनु पर्छ। यस्तै, एनपिएललाई राजधानीमुखी मात्र नबनाएर आगामी संस्करण चितवन, पोखरा, भैरहवालगायतका क्रिकेट रङ्गशालामा पनि विस्तार गर्दै लैजान जरुरी मानिएको छ। यस्ता प्रतियोगिताबाट नेपाली खेलाडीहरु पनि खेलेर बाच्न सक्ने अवस्था बनाउन सहयोग पुग्ने भएकाले नेपाल प्रिमियर लिग क्रिकेट एनपिएल नेपाली क्रिकेट जगतका लागि कोशेढुङ्गा बन्नसक्ने अपेक्षा गरिएको छ। *(लेखक खेल पत्रकार हुनुहुन्छ)*

# मौद्रिक नीति समीक्षा : नीतिगत दर, निक्षेप सङ्कलन दर र बैंकदर यथावत

काठमाडौं, १४ मङ्सिर (रासस)।

चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत नेपाल राष्ट्र बैंकले नीतिगत दर, निक्षेप सङ्कलन दर र बैंकदर यथावत राखेको छ। मौद्रिक सूचकहरू सकारात्मक देखिँदा राष्ट्र बैंकले विद्यमान व्यवस्थाहरु यथावत राखेको हो।

"मौद्रिक नीतिको विद्यमान नीतिगत दरलाई पाँच प्रतिशत, ब्याजदर करिडोर अन्तर्गतको तल्लो सीमाका रुपमा रहेको निक्षेप सङ्कलन दरलाई तीन प्रतिशत र ब्याजदर करिडोरअन्तर्गतको माथिल्लो सीमाको रुपमा रहेको बैंक दरलाई साढे छ पाँच प्रतिशतमा यथावत राखिएको छ", मौद्रिक नीतिको समीक्षमार्फत् राष्ट्रबैंकले भनेको छ। त्यस्तै अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातलाई यथावत राखिएको पनि राष्ट्र बैंकले जनाएको छ।

मौद्रिक नीतिको कार्यदिशालाई दिइएको निरन्तरताबाट मूल्य स्थिरता तथा बाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक क्रियाकलाप विस्तारमा थप सहयोग पुग्नगई सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य

***बाँकी अन्तिम पृष्ठमा***

# राष्ट्रिय गौरवतर्फका सडक आयोजनामा थप प्रगतिको अपेक्षा

काठमाडौं, १४ मङ्सिर (रासस)।
नागरिकलाई सहज रूपमा यातायात सेवा प्रदान गर्ने र विकासको अपेक्षित लाभ पुऱ्याउने लक्ष्यका साथ सुरू गरिएका राष्ट्रिय गौरवका आयोजनाको प्रगति अपेक्षित हुनसकेको छैन। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका छवटा राष्ट्रिय गौरवका आयोजनालाई शीघ्र सम्पन्न गर्नुपर्ने माग र दबाब भए पनि अनेकन उल्झन देखापरेको छ।

पूर्वतयारी नगरी सुरू गरिएका त्यस्ता आयोजनामा निर्माण सामग्रीको अभाव, स्रोत तथा साधनको कम उपलब्धता, रूख कटान प्रक्रियामा लामो समय लाग्ने गरेको छ। विनियोजन भएको बजेट अपुग भएको, राष्ट्रिय निकुञ्जमा सडक तथा पुल निर्माणमा समस्या रहेको स्वयं मन्त्रालयकै विश्लेषण छ।

कुल २४ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमातहत पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना, हुलाकी लोकमार्ग आयोजना, उत्तर-दक्षिण कोशी करिडर लोकमार्ग आयोजना, उत्तर-दक्षिण कालीगण्डकी करिडर लोकमार्ग आयोजना, उत्तर-दक्षिण कर्णाली करिडर लोकमार्ग आयोजना, पूर्वपश्चिम विद्युतीय रेलमार्ग आयोजना छन्।

पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना आर्थिक वर्ष २०६४/६५ मा सुरू भएको हो। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पहिलो कार्यकालमा मध्यपहाड हुँदै सहज यातायाता सञ्चालन गर्ने लक्ष्यका साथ यो आयोजना अगाडि बढाउनुभएको थियो। आव २०८४/८५ सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाको सुरू लागत रू ३३ अर्ब ३६ करोड बराबर रहे पनि संशोधित लागत रू ८४ अर्ब ३३ करोड पुगेको छ।

आयोजनाअन्तर्गत एक हजार आठ सय ७९ किलोमिटर सडक र एक सय ३७ वटा पुल निर्माण हुनेछ। सो आयोजनाको भौतिक प्रगति ७७ दशमलव ३२, वित्तीय प्रगति ८२ दशमलव शून्य तीन प्रतिशत पुगेको छ। हालसम्म एक हजार चार सय ५२ किलोमिटर सडक कालोपत्र र एक सय छवटा पुल निर्माण सम्पन्न भएको छ।

सो आयोजनामा रूख कटान प्रक्रियामा लामो समय लागेको छ। गोरखा, नुवाकोट तथा लमजुङ जिल्लामा रेखाङ्कनलगायत समस्या परेको छ। मुआब्जा तथा क्षतिपूर्ति कार्यमा विवाद छभने सडक सीमा यकिन हुनसकेको छैन। उच्च प्राथमिकतामा आयोजनाको छिटोछरितो वातावरणीय प्रभाव मूल्याङ्कनलगायत विषयमा कानुनी व्यवस्था गर्नुपर्ने, सडक सीमा तोक्नुपर्ने, जग्गाको मुआब्जा वितरणमा थप सहजीकरण गर्नुपर्ने र विकास कर लगाउनुपर्ने सुझाव प्राप्त भएका छन्।

तराई-मधेश हुलाकी लोकमार्ग आयोजना आव २०६६/६७ देखि सुरू भएको हो। आव २०८३/८४ मा सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको सो आयोजनाको सुरूआती लागत रू ४७ अर्ब २४ करोड रहेकामा हाल संशोधित लागत रू एक खर्ब एक अर्ब ६३ करोड बराबर पुगेको छ। एक हजार आठ सय ५७ किलोमिटर सडक तथा दुई सय ५० पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति ६६ दशमलव ९१ प्रतिशत र वित्तीय प्रगति भने ६२ दशमलव ६९ प्रतिशत बराबर छ। हालसम्म कालोपत्र सडक एक हजार दुई सय ५९ किलोमिटर सडक र पुल/कल्भर्ट एक सय ४२ वटा निर्माण सम्पन्न भएको छ।

सो आयोजनामा बजेटको अभाव छ। यस्तै, निकुञ्जहरूमा सडक तथा पुल निर्माणमा समस्या छ। दुम्कीवास-त्रिवेणी खण्डमा विवाद रहेको छ।

उत्तर-दक्षिण कोशी करिडर लोकमार्ग आयोजना आव २०६५/६६ मा सुरू भएको हो। आव २०८५/८६ सम्पन्न गर्ने लक्ष्य राखिएको सो आयोजनाको सुरू लागत रू ११ अर्ब ९३ करोड बराबर थियो।

हाल संशोधित लागत रू १६ अर्ब २० करोड बराबर छ। एक सय ६२ किलोमिटर सडक निर्माण/कालोपत्र र २३ वटा पुल निर्माण गर्नुपर्नेछ। हालसम्म भौतिक प्रगति ३७ प्रतिशत र वित्तीय प्रगति ३५ दशमलव ८६ प्रतिशत पुगेको छ। नेपाली सेनामार्फत एक सय ५९ किलोमिटर ट्र्याक खोल्ने कार्य पूरा भएको छ। हालसम्म आयोजनामा ७४ किलोमिटर सडक ग्राभेल गरिएको छभने १० वटा पुल निर्माण सम्पन्न भएको छ।

उत्तर-दक्षिण कालीगण्डकी करिडर लोकमार्ग आयोजनाको पहिलो खण्ड (गैंडाकोट-राम्दी-मालढुङ्गा सडक) आव २०६६/६७ मा सुरू भएको हो। आव २०८३/८४ सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाको सुरू लागत रू २० अर्ब बराबर रहेकामा संशोधित लागत रू २५ अर्ब बराबर पुगेको छ।

कुल दुई सय ९३ किलोमिटर सडक कालोपत्रस्तरमा निर्माण/स्तरोन्नति गर्ने लक्ष्यका साथ सुरू भएको सो आयोजनाको भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ६१ प्रतिशतबराबर छ। हालसम्म एक सय ९१ किलोमिटर कालोपत्र र ३४ वटा पुल निर्माण सम्पन्न भएको छ भने सातवटा पुल निर्माणाधीन छ।

यस्तै, उत्तर-दक्षिण कालीगण्डकी करिडर लोकमार्ग आयोजनाको दोस्रो खण्ड (बेनी-जोमसोम कोरला सडक) आव २०७३/७४ मा सुरू भएको हो। आव २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य राखिएको सुरूआती लागत रू १० अर्ब बराबर रहेकामा हाल संशोधित लागत रू १५ अर्ब बराबर पुगेको छ।

दुई सय दुई किलोमिटर सडक कालोपत्रस्तरमा निर्माण/स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशत बराबर छ। मन्त्रालयका अनुसार हालसम्म कालोपत्र सडक ६१ दशमलव पाँच किलोमिटर, ग्राभेल एक सय २७ किलोमिटर र १० वटा पुल निर्माण सम्पन्न भएको छ।

उत्तर-दक्षिण कर्णाली करिडर लोकमार्ग आयोजना पनि राष्ट्रिय गौरवमा समावेश छ। आव २०६५/६६ मा सुरू भएको सो आयोजनाको सम्पन्न गर्नुपर्ने मिति यकिन भइसकेको छैन। कुल लागत रू १२ अर्ब रहेको छ। एक सय २३ किलोमिटर सडक कालोपत्रस्तरमा स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति तीन प्रतिशत र वित्तीय प्रगति दुई दशमलव सात प्रतिशत बराबर छ। सो सडकखण्डको खुलालुबाट सलिसल्लासम्म एक सय २३ किलोमिटर नेपाली सेनाबाट ट्र्याक खुलेको छ।

त्यस्तै उत्तर-दक्षिण कर्णाली करिडर लोकमार्ग आयोजना हिल्सा-सिमीकोट सडक आव २०६९/७० सुरू भएको हो। आव २०८३/८४ सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको आयोजनाको सुरू लागत रू चार अर्ब १० करोड ५० लाख ३० हजारबराबर रहेकामा संशोधित लागत रू १५ अर्ब (कालोपत्र स्तरोन्नतिसमेत) पुगेको छ। कुल एक सय ४६ किमी सडक निर्माण/स्तरोन्नति गर्ने १० वटा पुल निर्माण लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति ३१ प्रतिशत र वित्तीय प्रगति २६ दशमलव ५७ प्रतिशत पुगेको छ। मन्त्रालयका अनुसार एक सय ४५ दशमलव दुई किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। त्यसमा ११ किलोमिटर ट्र्याक खोल्ने काम नेपाली सेनाबाट भएको हो। यस्तै १५ दशमलव पाँच किलोमिटर ग्राभेल तथा दुईवटा पुल निर्माण सम्पन्न भएको छ।

# सरकारद्वारा उखुको मूल्य निर्धारण

महोत्तरी, १४ मङ्सिर (रासस)।
सरकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि उखुको मूल्य निर्धारण गरेको छ। सरकारले बिहीबार निर्णय गर्दै गत वर्षको उखुमा प्रतिक्विन्टल रु २० थपेर नयाँ मूल्य निर्धारण गरेको हो। यसअनुसार गत वर्ष कायम मूल्य रु पाँच सय ६५ रहेकामा नयाँ मूल्य प्रतिक्विन्टल रु पाँच सय ८५ पुगेको छ।

यसैबीच, आम रूपमा वस्तुमा बढेको मूल्यवृद्धिको अनुपातसम्म नमिलाएर अहिले उखुको मूल्यमा गरिएको मूल्य वृद्धिले किसानमा निराशा बढाएको उखु उत्पादक किसान सङ्घ महोत्तरीले जनाएको छ।

मूल्य निर्धारण गरिँदा सरकार, चिनी उत्पादक र उखु किसानका प्रतिनिधिबीच छलफल र सहमति गरिनुपर्नेमा प्रक्रिया नअपनाइएको सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाले बताउनुभयो।

"पहिलेदेखि उखुको मूल्य निर्धारण गर्दा तीनैपक्ष (सरकार, चिनी उत्पादक र किसानका प्रतिनिधि) हुनपर्ने सैद्धान्तिक सहमति भए पनि यस पटक उखु उत्पादक किसान महासङ्घ र उखु उत्पादक किसान सङ्घका प्रतिनिधिलाई सहभागी गराइएको छैन", कुशवाहाले भन्नुभयो, "किसानसँग छलफल नगरी गरिएको मूल्य निर्धारण न्यायोचित हुन सक्नेन।" आम वस्तुमा भएको मूल्यवृद्धि अनुसार उखु किसानले पनि पाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

"नेपाल राष्ट्र बैंकले आम रूपमा १५ प्रतिशत मूल्यवृद्धिको तथ्याङ्क देखाएको छ, उखुमा पनि सोहीअनुसार बढाउनु पर्छ", कुशवाहाले भन्नुभयो। चारदिन पहिले मात्र उखु उत्पादक किसानको छाता सङ्गठन उखु उत्पादक महासङ्घले आयोजना गरेको छलफलमा सरकारलाई यस वर्ष गतवर्षको तुलनामा १५ प्रतिशत मूल्य वृद्धि गरीदिन अनुरोध गरिएको भन्दै सुनुवाइ नभएको उहाँको भनाइ छ।

यसअघि गत वर्ष सरकारले उखुमा रु ७० प्रतिक्विन्टल अनुदान दिएको थियो। यस वर्षको अनुदानबारे अझै निर्णय नभएको महासङ्घका अध्यक्ष कुशवाहाले बताउनुभयो। उहाँका अनुसार १५ प्रतिशत मूल्य वृद्धि भएमा उखुको मूल्य रु छ सय ६९ प्रतिक्विन्टल पर्दछ।

जिल्लाको गौशाला-१ रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिजमा कहिले उखु क्रसिङ थालिने यकिन नहुँदा खुट्टीउखु (दोस्रो वर्षको उखुबाली) काटेर हिउँदेबाली लगाउन नपाइने चिन्तामा किसान छन्।

"चिनी मिल कहिले सञ्चालन हुने थाहा छैन। खुट्टीउखु काटेर हिउँदे बाली लगाउन नपाउने चिन्ता लाग्न थालेको छ", भङ्गाहा-४ का किसान अरुण गिरीले भन्नुभयो। क्रसिङ ढिलो हुँदा खुट्टीउखु काटेर अर्को बाली लगाउने समयसीमा नाघेँको उहाँको भनाइ छ।

यस वर्ष जिल्लामा कूल नौ हजार बिघामा उखुखेती गरिएकोध्ये करिब चार हजार बिघामा खुट्टी रहेको सङ्घका अध्यक्ष कुशवाहाले बताउनुभयो। सरकारले मूल्यबारे पुनर्विचार गरी दिनुपर्ने र उद्योगले चाँडै क्रसिङ थाल्नुपर्ने किसान बताउँछन्।

यसैबीच एभरेष्ट चिनी उद्योगले यस वर्षको उखुको क्रसिङ मङ्सिर अन्तिम सातादेखि सुरु गर्ने तयारी गरेको छ। उद्योगमा यही मङ्सिर २० गते डोडा पूजापछि उद्योग सञ्चालन गर्ने जनाउँदै पूजाको तयारी भइरहेको उद्योगका प्रशासकीय प्रबन्धक सुरेन्द्र शुक्लाले बताउनुभयो। "डोडा पूजा क्रसिङ खोल्न प्रत्येक साल गरिने अनुष्ठान हो। यो पूजा सकेपछि क्रसिङ थालिने छ", उहाँले भन्नुभयो।

## विश्व समाचार

### सिरियाली जिहादी समूहद्वारा अलेप्पोमा आक्रमण

बेरुत, लेबनान, १४ मङ्सिर (रासस/एएफपी)।
जिहादी र उसका टर्की समर्थित सहयोगीहरूले शुक्रबार सिरियाको दोस्रो शहर अलेप्पोमा सरकारी सेनाविरुद्ध ठूलो आक्रमण गरेका छन्। बेलायतमा कार्यालय रहेको सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) का अनुसार यस हिंसामा २४२ जनाको मृत्यु भएको छ, जसमध्ये अधिकांश दुवै पक्षका लडाकुहरू थिए। मारिनेमामध्ये २४ जना सर्वसाधारण रहेका छन् र उनीहरू अधिकांश रूसी हवाई आक्रमणमा मारिएका बताइएको छ।

हिजबुल्लाह र इजरायलबीच यसै हप्ताको सुरुमा छिमेकी लेबनानमा कमजोर युद्धविराम लागू भएको समय सिरिया र यस क्षेत्रका लागि संवेदनशील समयमा आक्रमण सुरु भएको हो। सिरियामा सन् २०११ मा राष्ट्रपति बशर अल असदको सेनाले प्रजातन्त्र पक्षधर प्रदर्शनमा कडाइ गरेपछि गृहयुद्ध सुरु भएको थियो।

त्यसयता सिरियामा पाँच लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ, लाखौं मानिस विस्थापित भएका छन् र देशको पूर्वाधार र उद्योगधन्दामा व्यापक क्षति पुगेको छ। पछिल्ला वर्षहरूमा यो द्वन्द जिहादी र असदका सहयोगी रूस, इरान र हिजबुल्लाहलगायत विदेशी शक्तिहरूबीच जटिल युद्धमा परिणत भएको छ। सेनाले युद्धमा गुमेको अधिकांश भूभागमा पुनः नियन्त्रण कायम गरे पनि जिहादी र उनीहरूका सहयोगीहरू रहेको क्षेत्रमा सन् २०२० देखि युद्धविराम शुरू भएको थियो।

सिरियासँगको छिमेकी र असद विरोधी विद्रोहलाई समर्थन गर्ने टर्की समर्थित जिहादी र अन्य समूहले यसै साता सरकारी सेनाविरुद्ध ठूलो आक्रमण सुरु गरेका थिए। उत्तरी सिरियाको मुख्य शहर अलेप्पोमा रहेको सरकारी नियन्त्रित अलेप्पोस्थित एक विश्वविद्यालयको छात्राबासमा शुक्रबार भएको आक्रमणमा परी चार जना सर्वसाधारणको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएका छन्। 'सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स'का अनुसार शुक्रबारसम्ममा उनीहरूले उत्तरी सिरियाका ५० भन्दा बढी शहर र गाउँहरू कब्जा गरिसकेका छन। लडाकू समूहले बिहीबार अलेप्पोलाई सिरियाको राजधानी दमास्कससँग जोड्ने राजमार्गमा आवागमन अवरुद्ध बनाएका थिए।

### इजरायली आक्रमणमा सात प्यालेस्टिनीको मृत्यु, कैयौं घाइते

गाजा, १४ मङ्सिर (रासस/क्यूएनए)।
गाजा पट्टीको नुसिरात क्याम्पमा रहेको घरमा भएको इजरायली हवाई आक्रमणमा चार जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै र अन्य कैयौं व्यक्ति घाइते भएका छन्। लडाकू विमानहरूले माघाजी शिविरको उत्तरमा रहेको घरमा गोलाबारी गरेका र उक्त घटनामा कैयौं घाइते भएका छन् भने देइर अल-बलाहको पश्चिममा आठ प्यालेस्टिनीहरू घाइते भएका छन्। गाजा सहर केन्द्रमा रहेको घरलाई लक्षित गरी भएको आक्रमणमा एक प्यालेस्टिनी महिला, उनको छोरा र नातिको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको जनाइएको छ। पछिल्लो २४ घण्टामा, इजरायली आक्रमणले गाजा पट्टीमा ४८ जनाको मृत्यु हुनुका साथै ५३ जना घाइते भएका छन्।

### थाइल्यान्डमा क्रेन दुर्घटना हुँदा तीन जनाको मृत्यु, दश घाइते

बैङ्कक, (थाइल्यान्ड,) १४ मङ्सिर (रासस/एएफपी)।
थाइल्यान्डको राजधानी बाहिरको सामुत साखोनमा निर्माण स्थलमा एउटा क्रेन दुर्घटना हुँदा तीन जना श्रमिकको मृत्यु हुनुका साथै अन्य दश जना घाइते भएको प्रहरीले शुक्रबार जनाएको छ। दुर्घटनामा परी तीन जना श्रमिकको घटनास्थलमै मृत्यु भएको तथा अन्य दश जना घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेको सामुत साखोन प्रहरीका डेटचानाकोर्न चान्ताफुमले बताउनुभयो।

दुर्घटनाको कारणबारे इन्जिनियर र प्रहरीको टोलीले अनुसन्धान गरिरहेको छ भने प्रारम्भिक अनुसन्धानमा अधिकारीहरूले अत्यधिक भारको कारणले दुर्घटना भएको आशङ्का गरेका छन्। गत मार्चमा बैङ्ककको पूर्वमा रहेको कारखानामा निर्माण कार्यका क्रममा क्रेन खस्दा सात जनाको मृत्यु भएको थियो।

### मलेसियामा बाढीका कारण ८० हजारभन्दा बढी विस्थापित

कोलालम्पुर, मलेसिया, १४ मङसिर (रासस/एएफपी)।
मलेसियाका धेरै राज्यहरूमा भारी वर्षापछि आएको बाढीले कम्तीमा चार जनाको मृत्यु हुनुका साथै ८० हजारभन्दा बढी मानिसहरू विस्थापित भएको अधिकारीहरूले शुक्रबार बताएका छन्।

राष्ट्रिय विपद् कमाण्ड सेन्टरका अनुसार यस हप्ता ८० हजार ५८९ बासिन्दालाई सात वटा राज्यका ४६७ वटा अस्थायी आश्रयमा सारिएको छ। बाढीका कारण उत्तरपूर्वी केलान्टान राज्य र तेरेङ्गानु सबैभन्दा बढी प्रभावित भएका छन्। प्रभावित राज्यहरूमा केलान्टानमा उद्धार कार्यमा सहयोग गर्न खोजी र उद्धार टोली परिचालन गरिएको विपद् केन्द्रले विज्ञप्तिमार्फत जनाएको छ।

लामो समयसम्म परेको भारी वर्षा शनिबारसम्म देशव्यापी हुने पूर्वानुमान गरिएको मौसम विभागका प्रवक्ताले बताउनुभएको छ। नोभेम्बरदेखि मार्चसम्म भारी वर्षा ल्याउने उत्तरपूर्वी मनसुनका कारण दक्षिणपूर्वी एसियाली राष्ट्रमा बाढी नियमित वार्षिक दुर्घटनाजस्तै बनेको छ।

बर्नामा समाचार एजेन्सीका अनुसार उपप्रधानमन्त्री अहमद जहिद हामिदीले बिहीबार बाढी "सन् २०१४ को भन्दा पनि गम्भीर हुने अपेक्षा गरिएको बताउनुभएको छ। बाढी प्रभावित राज्यहरूमा उद्धारका लागि डुङ्गा, चार पाङ्ग्रे सवारी साधन, हेलिकप्टरसहित हजारौं आपतकालीन सेवाका कर्मचारीहरू तैनाथ गरिएको जनाइएको छ।

# लैङ्गिक हिंसा बिरूद्ध सखडामा र्‍याली



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

हिंसारहित समाज निर्माणको उद्देश्यसहित लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत शुक्रबार सखडामा अन्तरक्रिया तथा प्रभातफेरी कार्यक्रम गरि मनाइएको छ ।

सबल नेपालको आयोजना युएसएआईडीको सहयोग द एसिया फाउन्डेशन मुख्य कार्यान्यन संस्थाले संचालन गरेको नागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत युवा संजालको अगुवाईमा ईलाका प्रहरी सखडा, सशस्त्र प्रहरी छिन्मस्ता बिटको सहकार्यमा सखडाको विभिन्न ठाउमा र्‍यालीको आयोजना गर्दै तथा अन्तरक्रिया कार्यक्रम गरिएको हो ।

प्रभातफेरी पश्चात् कोणसभामा बोल्दै नेपाली काँग्रेसका नेता कुलानन्द यादबले महिला सशक्तीकरण सम्भव नभएर पुरूषहरूलाई पनि सचेत गरेमात्र हिंसा, अपमान र विभेद को अन्त गर्न सकिने बताए ।

छिन्नमस्ता गाउपालिका वडा ३ का वडा सदस्य मो. बिकनले महिला हिंसा घरबाट नै हुने गरेकाले हिंसा अन्त्य गर्न घरबाट नै सुरुवात गर्नुपर्नेमा जोड दिए । आफू माथि हुने हिंसा अन्त गर्न महिलाहरू एकीकृत भएर अगाडि बढनुपर्ने बताए ।

सबल नेपालका कार्यक्रम ब्यवस्थापक शुभनारायण भिणवार यादबले अभियानलाई सबैको संयुक्त प्रयासबाट अगाडि बढाउन जरुरी रहेको भन्दै हामी सबैलाई सभ्य, हिंसारहित समाज निर्माण गर्न महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे ।

उक्त कार्यक्रममा ईलाका प्रहरी कार्यालयका बरिष्ठ नायब निरीक्षक वसन्त भट्टराई, सशस्त्र प्रहरी नायव निरिक्षक शुभ मण्डल, स्थानिय नेता नुनु मुखिया, सबल नेपालका कार्यक्रम अधिकृत सवनम यादब, युवा संजालका सदस्य रूपेश यादब, अनिता मण्डल लगायत स्थानियहरूले लैंगिक हिंसा अन्त गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिए ।

# विवाहपञ्चमी महोत्सव र गढीमाई मेलालाई व्यवस्थित बनाइने

धनुषा, १४ मङ्सिर (रासस) ।

बाराको गढीमाईमा लागिरहेको मेला तथा जनकपुरधाममा यही मङ्सिर १६ गतेदेखि सुरु हुने सीताराम विवाहपञ्चमी महोत्सवलाई व्यवस्थित बनाइने भएको छ । धार्मिक तथा ऐतिहासिक महत्वका दुवै महोत्सवलाई व्यवस्थित बनाउन मधेश प्रदेशस्तरीय सुरक्षा समितिको बैठक शुक्रबार जनकपुरधाममा बसेको थियो ।

प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा बसेको सुरक्षा समितिको बैठकमा मेलालाई व्यवस्थित तथा शान्तिपूर्णरुपमा सम्पन्न गर्ने विषयमा छलफल भएको गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव उद्धवप्रसाद रिजालले बताउनुभयो । प्रत्येक पाँच वर्षको अन्तरालमा बाराको गढीमाईमा ठूलो धार्मिक मेला लाग्नुका साथै जनकपुरधाममा भारतको अयोध्याबाट सीताराम विवाहपञ्चमी महामहोत्सवमा सहभागी हुन झण्डै पाँच सयको सङ्ख्यामा विशिष्ट व्यक्तिसहित जन्ती आउने र लाखौँ तीर्थालु मेला भर्न आउने कार्यक्रम छ ।

बैठकमा दुवै मेला तथा महोत्सवमा आउने भक्तजन तथा आगन्तुकको सुरक्षा सुनिश्चितता गर्ने, जोखिम क्षेत्रको पहिचान गरेर त्यसै अनुसारको सुरक्षा व्यवस्था मिलाउने र मेलामा हुने भीडको व्यवस्थापन, चोरी र दुर्घटनाको विषयमा छलफल भएको सचिव रिजालले बताउनुभयो ।

बैठकमा मध्य पृतना हेडक्वाटर बर्दिबासका उपरथि सुदर्शन सिलवाल, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक कालीदास धौवजी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक माधव तिमिलसिना, मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुभाषचन्द्र बोहोरालगायतको सहभागिता रहेको थियो ।

# जिप दुर्घटनामा पाँच जनाको मृत्यु, तीन घाइते

रामेछाप, १४ मङ्सिर (रासस) ।

रामेछापमा जिप दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा दुई पुरुष, दुई महिला र एक बालिका रहेका छन् ।

काठमाडौँबाट बेतालीतर्फ आउँदै गरको ना१ज ७१२३ नम्बरको जिप शुक्रबार दिउँसो गोकुलगङ्गा गाउँपालिका-६ फर्पुमा दुर्घटना हुँदा गोकुलगङ्गा-४ बेतालीका वडाध्यक्ष ४५ वर्षीय रामचन्द्र बस्नेतसहित पाँचजनाको मृत्यु भएको प्रहरी नायव उपरीक्षक प्रदीपकुमार सिंहले जानकारी दिनुभयो । दुर्घटनामा जिप चालक मन्थली नगरपालिका-१० का ३५ वर्षीय चालक हिराबहादुर कार्की, गोकुलगङ्गा-५ की ३० वर्षीया कविता कार्की र उनकी सात वर्षीया छोरी स्वस्तिका खड्काको समेत मृत्यु भएको छ । मृतक अन्य एक जनाको सनाखत हुन नसकेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते तीनैजनालाई उपचारका लागि काठमाडौँ पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनामा कास्कीको लेखनाथ नगरपालिका घर भएका ४२ वर्षीय केशव शर्मा र रामेछापको गोकुलगङ्गा-४ बेतालीकी २७ वर्षीया सरस्वती कार्की घाइते भएका छन् । अन्य एक घाइतेको नाम थर खुल्न नसकेको प्रहरीले जनाएको छ ।

# काठसहित बोलेरो पिकअप बरामद

**दैनिक समाचारदाता**
**रौतहट, १४ मंसिर ।**

सशस्त्र वन सुरक्षा गस्ती टोलीले रौतहटले लाखौं मूल्य बराबरको अवैध सालको काठसहितको पिकअप भ्यान बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा गस्ती टोलीले बिहीबार महेन्द्र राजमार्गमा धनसरदेखि २ किलोमीटर पूर्व लचकामा काठ बोकेको ना२च ९३१९ नम्बरको वोलेरो पिकअप बरामद गरेको हो ।

पिकअपमा वनको घाटगदीबाट साढे ८५ क्युफिट सालको काठ लोड गरिएको अवस्थामा बरामद गर्नुका साथै चालक जितेन्द्र चौधरी पक्राउ गरिएको जिल्ला बन अधिकृत राजेश कुमार साहले बताएका छन् ।

९ थान सालको गोलिया उक्त काठ, गाडी चालक नियन्त्रणमा लिएर अनुसन्धानको लागि डिभिजन बन कार्यालय चन्द्रिगाहपुर राखिएको डिवीजन प्रमुख हेमन्त कुमार साहले जानकारी दिएका छन् ।

बरामद काठको बजार मूल्य ३ लाख रुपैयाँ भन्दा बढी हुने डिभिजन वन कार्यालय रौतहटले जनाएको छ ।

### *उपचारको अभावमा ...*

क्रममा सिमेन्टको बोरा बोकेर लादै गर्दा अचानक ढलेर अचेत भएका थिए । उनको टाउँको, घाँटी र ढाडमा चोट लाग्नुका साथै घाँटी र ढाडको नशा च्यापिएको थियो । हिडडुल गर्न नसक्ने अवस्थामा रहेका सदाको उपचारमा डेढ लाख रुपैया लाग्ने भएपछी रकम अभावमा उनलाई अहिले घरकै ओच्छ्यान मै राखिएको छ ।

### *मौद्रिक नीति ...*

हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

चालु आवको मौद्रिक नीतिमा मुद्रास्फीतिलाई पाँच प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक व्यवस्थापन गर्ने नीति लिइएकोमा पहिलो तीन महिनाको औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको छ । राष्ट्र बैंकका अनुसार गत असोज महिनामा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि सात दशमलव १८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि तीन दशमलव ४९ प्रतिशत रही वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत छ ।

कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा गत असोज मसान्तमा साढे १४ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ ।

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरुको भारित औसत अन्तरबैंक दर तीन प्रतिशत छ । त्यस्तै, विस्तृत मुद्राप्रदाय १२ प्रतिशत र मौद्रिक क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा साढे १२ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा वार्षिक बिन्दुगत आधारमा गत असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १३ दशमलव तीन प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा छ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ ।

### *दैनिक सात सय ...*

दैनिक जसो सबै भाषाका गरी ७ सय भन्दा बढी समाचार राष्ट्रीय अन्तर्राष्ट्रिय समाचार माध्यमले लिएर प्रसारण गनृ गरेको जनाएका छन ।

अहिले अनलाईनको बढ्दो बजारलाई दृष्टिगत गर्दै राससले आफ्ना सामग्रीहरु सोही अनुरुप बनाएको र बार्षिक तथा मासिक ग्राहकका लागि ग्राहक शुल्कमा छुट दिंदै नयाँ नयाँ योजना ल्याईएको अध्यक्ष झाले बताएका छन ।

रासस भवनको दुई कोठालाई अहिले संग्राहलयको रुप दिएर त्यहाँ शुरुआती कालमा समाचार संकलन प्रसारण गर्ने टाईपराईटर, लिथो, टेलिप्रिन्टर, फोटो ट्रान्सपोन्डर लगायतका प्राचीन उपकरणहरु राखिएको बताएका छन ।


# लेखापरिक्षण सम्बन्धी प्रस्ताव पेश गर्ने सूचना

यस संस्थाका संचालक समितिको मिति २०८१/०८/१४ गते बसेको बैठकको निर्णय बमोजिम यस जन ज्योती कृषि सहकारी संस्थाको आ.ब. २०८१/०८२ को लेखा परिक्षण गर्न लेखापरिक्षक लेखापरिक्षक आवश्यक भएकोले इच्छुक दर्तावाला चार्टड एकाउन्टेन्टस् एशोसिएटसहरुबाट तपसिलका कागजातहरु र लेखा परिक्षण शुल्क (कर समावेश गरिएको) सहितको प्रस्ताव आश्वान गरिन्छ ।

**तपसिल**

**(क) कार्य विवरण :**

१. संस्थाको आ.ब. २०८१/०८२ को प्रत्येक त्रैमासिक आन्तिरिक लेखा परिक्षण गरी वार्षिक लेखा परिक्षण पेश गर्ने ।
२. कर योजना र कर परिक्षण कार्यमा सहयोग गर्ने ।
३. विधान ऐन नियम अनुसार नीतिगत सुधार तथा संशोधनको लागि आवश्यक राय सुझाव पेश गर्ने ।

**(ख) आवश्यक कागजातहरु :**

१. नविकरण भएको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२. नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिपि ।
३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि आ.ब. २०८०/०८१ को ।
४. प्यान भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कम्पनी र एशोसिएट्सको प्रोफाइल ।

**(ग) अन्य**

१. फारम भर्ने अन्तिम मिति २०८१/०९/२८ गते ।
२. लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम ।

**जन ज्योती कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ६०२**



**राजबिराज नगरपालिका**
**१ नं.वडा कार्यालय**
**राजबिराज,सप्तरी**
**मधेश प्रदेश,नेपाल**

प.स. २०८१ ०८२
च.न. ६३८

मिती :- २०८१।०८।१४

विषय: - सुचना "सूचना" सूचना ।

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **राम कृष्ण ठाकुर,राम नारायण ठाकुर र राम लखन ठाकुर** ले तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८१।०८।१० गते मा द.न.६७०६को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**तमसिल**

जिल्ला सप्तरी रा.बि.न.पा.१० हाल १ बस्ने देवलाल ठाकुर नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ८ | २३ | ०-०-१२ |
| सप्तरी | चनौरा पडरीया | ९ | १०५ | ०-७-० |
| सप्तरी | चनौरा पडरीया | ९ | ३७७ | ०-०-८ |
| सप्तरी | चनौरा पडरीया | ९ | ३८० | ०-०-१८ |
| सप्तरी | चनौरा पडरीया | ९ | ३७५ | ०-०-४ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष २०८१।८।१४
रा.वि.न.पा.वडा नं.-१
चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-१


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*